# NEPALI

---

***Maximum Marks: 80***

***Time Allowed: Three hours***

*(Candidates are allowed* ***additional 15 minutes*** *for* ***only*** *reading the paper.*

*They must* ***NOT*** *start writing during this time).*

---

*Answer* ***Questions 1, 2 and 3 in Section A*** *and* ***four*** *questions from* ***Section B*** *on* ***any three*** *out of the four prescribed textbooks.*

*The intended marks for questions or parts of questions are given in brackets [ ].*

---

## SECTION A

## LANGUAGE - 40 MARKS

**Question 1** **[15]**

**Write a composition in approximately 400 words in Nepali on any *one* of the topics given below.**

**निम्नलिखित कुनै एउटा विषय छानेर नेपालीमा अन्दाजी 400 शब्दहरूको लम्बाइमा रचना लेख्नुहोस्।**

(i) “जल संरक्षण : आजको आवश्यकता ” यस विषयमा प्रकाश पार्दै एउटा चेतनामूलक रचना लेख्नुहोस्।

(ii) कक्षामा बसी अध्ययन गर्नुभन्दा घरमा बसी इन्टरनेटमा अध्ययन गर्नु फाइदा छ। यस कथनको पक्ष वा विपक्षमाथि प्रकाश पार्नुहोस्।

(iii) “राष्ट्र निर्माणमा युवाहरूको भूमिका’’ यस भनाइमाथि विवेचना गरेर एउटा निबन्ध तयार पार्नुहोस्।

(iv) जुन व्यक्ति अनुशासन अनि कर्तव्यको मार्गमा हुन्छ, त्यो व्यक्ति सधैँ सफल हुन्छ भन्ने कुरालाई उदाहरण दिँदै सत्य साबित गर्नुहोस्।

(v) खानपिन, रहन-सहन, आचरण र व्यायाममाथि ध्यान दिनाले स्वस्थ जीवन यापन गर्न सकिन्छ। सविस्तार वर्णन गर्नुहोस्।

---

(vi) निम्नलिखित कुनै एक विषयमा मौलिक छोटो कथा लेख्नुहोस् –

(a) अधुरो सपना

(b) जीवन यात्रा

**Question 2**

**Read the passage given below carefully and answer in Nepali questions that follow, using your own words:**

निम्नलिखित अवतरण ध्यानपूर्वक पढ़ेर त्यसपछि दिइएका प्रश्नहरूका उत्तर लेख्नुहोस्। उत्तरहरू जतिसक्दो आफ्नै शब्दहरू प्रयोग गरेर लेख्नुहोस्।

डा. इन्द्रबहादुर राईको शब्दमा भन्नु हो भने नेपाली भाषा भारतीय संविधानको आठौँ अनुसूचिमा पलेंटी कसेर बसिसकेको छ। इतिहासपट्टि फर्किएर हेर्दा नेपाली भाषा मान्यताका निम्ति भारतीय नेपालीहरूद्वारा राष्ट्रीय स्वरूपमा नै गरिएको यो जनान्दोलन अहिलेसम्मको सबैभन्दा सचेत, सशक्त र सफल आन्दोलन थियो भने यस आन्दोलनको बलले प्राप्त गरेको नेपाली भाषाको संवैधानिक स्वीकृति नै आन्दोलनमार्फत् भारतमा नेपालीहरूले प्राप्त गर्न सकेको अहिलेसम्मको सबैभन्दा ठूलो र ठोस उपलब्धि हो। भारत जस्तो अनेक भाषिक, सांस्कृतिक र जातिक विविधता भएको विशाल राष्ट्रको सर्वोच्च संविधानमा आफ्नो, भाषिक, साहित्यिक, सांस्कृतिक र जातिक उपस्थिति र सुरक्षाको हक-अधिकार सुनिश्चित गराउनसक्नु नेपाली भाषा आन्दोलनको महानतम उपलब्धि हो। 36 वर्षे भाषा आन्दोलन भारतीय नेपाली भाषीहरूले लड़ेको प्रथम महाभारत थियो भने नेपाली भाषाको मान्यताचाहीँ भारतीय नेपालीहरूले पाएको पहिलो विजयी पुरस्कार थियो। पहिलो मात्र होइन यथार्थमा यो विजयी भारतीय नेपालीहरूले भारत राष्ट्रमा जितेको अहिलेसम्मको सर्ववृहत् पुरस्कार हो भन्दा फेर पर्दैन।

हुनैसक्छ, मान्यता प्राप्तिपछि यस भाषाको अरू विकास र सम्वृद्धिको दिशातिर अभिमुख भएर आन्दोलनकारीहरू निरन्तर लागिरहन नसकेर चुक गरे होलान्, तर कैयन प्रतिकूल परिस्थितबीच अनेकपल्ट बौरिँदै भए पनि आन्दोलनले अभीष्ट ताकिनै रह्यो। आन्दोलनकारीहरूले आन्दोलनलाई पराकाष्ठमा पुर्याएरै छाड़े। सफलता हात पारेरै छाड़े। नेपाली भाषाको स्पष्ट नाम र उपस्थिति भारतको संविधानको आठौँ अनुसूचिमा अङ्कित गराएरै छाड़े। मान्यताप्राप्त भाषाले पाउनुपर्ने अधिकारहरू संविधानमा सुनिश्चित छन्, यसको खोजी तलासी गरी उपभोग गराउने दायित्व मात्र अबका युवा पीढ़ीहरूको काँधमा छ।

भाषा मान्यतापछि देशका अन्य विकसित मान्यताप्राप्त भाषाका भाषीहरूले झैँ नेपाली भाषीहरूले पनि नेपाली भाषामा उच्च शिक्षा हासिल गर्ने, देशका प्रमुख प्रमुख परीक्षाहरूमा नेपाली भाषा पनि एक भाषाको रूपमा पढ़्नसक्ने, लेख्नसक्ने कानुनी अधिकारप्राप्त गरेका छन्। भारतको संविधानमा नेपाली भाषाले मान्यता पाइसकेको हुनाले अबउसो कसैले, कुनै पनि राजनैतिक नेताले यस भाषालाई विदेशीको लाञ्छना लगाउनसक्ने छैनन्। भारतको संविधानले नै नेपाली भाषालाई

भारतीय भाषाको रूपमा ग्रहण गरिसकेको छ भने भारतमा नेपाली भाषा बोल्ने भारतीय नेपाली भाषा नागरिकहरूको उपस्थितिलाई वैधानिक रूपले स्वीकार गरिसकेको छ।

यसबाहेक पनि नेपाली भाषा आन्दोलनका अनेक महत्वहरू छन्। यस आन्दोलनले भारतभरिका नेपालीहरूलाई आफ्नो हक र अधिकारका निम्ति सचेत गरायो, बोल्न सिकायो, लड्न सिकायो र सङ्घर्षका निम्ति राष्ट्रीय स्तरमा गोलवद्ध हुन सिकायो। आन्दोलनको क्रममा आन्दोलनकारीहरूले मोरारजी देसाईझैँ भारतका प्रधानमन्त्रीबाट "नेपाली भाषा विदेशी भाषा हो" भन्ने अति घृणित र लाञ्छित मन्तव्य धरी सुन्न नपरेको होइन तर अनवरत सङ्घर्षकको माध्यमबाट फेरि अर्को कुनै पनि प्रधानमन्त्रीले भविष्यमा नेपाली भाषा विरूद्ध त्यस किसिमको अपमानजनक मन्तव्य दिनै नसक्ने गरी सदा सदाका निम्ति नेपाली भाषालाई भारतको सरकारी मान्यता दिलाइदिए हाम्रा महान योद्धाहरूले।

नेपाली भाषा साहित्यको लेखन, अध्ययन, प्रकाशन-प्रचारण र सम्वर्द्धनमा भाषा आन्दोलनले नयाँ क्रान्ति नै ल्याइदियो भने प्रत्यक्ष-परोक्ष रूपमा भारतमा गोर्खाहरूको जातीय पहिचान र वासभूमिको मागलाई उत्साह प्रदान गर्यो। अतः भारतमा नेपाली भाषा आन्दोलनको भूमिका र महत्व व्यापक र विशिष्ट छ भन्न सकिन्छ।

(i) भारतीय नेपालीहरूद्वारा केका लागि कस्ता आन्दोलन गरिएको थियो र कस्ता ठूलो उपलब्धि पाइएको छ ? **[3]**

(ii) नेपाली भाषा आन्दोलनको महानतम् उपलब्धि के हो ? **[3]**

(iii) युवा पीढ़ीहरूको काँधमा के कस्ता दायित्व रहेको छ ? **[3]**

(iv) नेपाली भाषाको संवैधानिक स्वीकृति भन्नाले के बुझिन्छ ? **[1]**

- (a) नेपाली भाषाले पाएको अधिकार
- (b) नेपाली भाषाले भारतको संविधानको आठौँ अनुसूचिमा पाएको स्वीकृति
- (c) संवैधानिक अधिकार
- (d) नेपालीहरूले पाएको उपलब्धि

(v) कति वर्षको सङ्घर्षपछि नेपाली भाषाले मान्यता पाउनसक्यो? **[1]**

- (a) 46 वर्ष
- (b) 37 वर्ष
- (c) 36 वर्ष
- (d) 25 वर्ष

(vi) भाषा भन्नाले के बुझिन्छ ? **[1]**

(a) मनको भाव व्यक्त गर्ने माध्यम नै भाषा हो।

(b) बोल्ने माध्यम।

(c) गफसफ गर्नु।

(d) विभिन्न विषयमा चर्चा परिचर्चा गर्नु।

(vii) "नेपाली भाषा भारतीय संविधानको आठौँ अनुसूचिमा पलेँटी कसेर बसिसकेको छ।" –यो भनाइ कसको हो? **[1]**

(a) लक्ष्मीप्रसाद देवकोटा।

(b) लक्खीदेवी सुन्दास।

(c) डा. इन्द्रबहादुर राई।

(d) पारसमणि प्रधान।

(viii) भाषा आन्दोलनले कहाँ केलाई उत्साह प्रदान गरेको छ? **[1]**

(a) नेपाली भाषा साहित्यको लेखन, अध्ययन, प्रकाशन- प्रचारण र सम्वर्द्धनामा।

(b) अरू भाषाहरूको विकासमा।

(c) विभिन्न भाषाका पुस्तक लेखन र प्रकाशनमा।

(d) भारतमा गोर्खाहरूको जातीय पहिचान र वासभूमिको मागमा।

(ix) सम्वर्द्धन शब्दको अर्थ के हो ? **[1]**

(a) बढ़ोत्तरी।

(b) विकास।

(c) उन्नति।

(d) पदोन्नति।

**Question 3**

**Do as directed.**

**निर्देशानुसार सही विकल्प छनौट गरेर उत्तर दिनुहोस्**

(i) अमृतको विपरीत शब्द कुन हो ? **[1]**

(a) महान

(b) जल

(c) बीस

(d) विष

(ii) 'आगो'- को पर्यायवाची शब्द कुन हो ? **[1]**

(a) अम्बर

(b) अग्नी

(c) माटो

(d) बतास

(iii) चारवटा बाटो - को सार शब्द कुन हो ? **[1]**

(a) चोबाटो

(b) चोरबाट

(c) चोकुना

(d) चोइटा

(iv) "घरजम गर्नु" वाग्धाराको अर्थ के हो ? **[1]**

(a) घर जम्मा गर्नु

(b) बिहे गर्नु

(c) बात गर्नु

(d) भेला हुनु

(v) हात्तीको मुखमा ___________ यो उखान कुन शब्दले पूरा हुन्छ? [1]

(a) कीरा

(b) फर्सी

(c) जीरा

(d) माटो

(vi) विद्वान-को स्त्रीलिंग शब्द कुन हो ? [1]

(a) महान

(b) ज्ञानी

(c) विदुषी

(d) नारी

(vii) "हिज हामी घुम्न गयौँ" यो वाक्य कुन कालमा छ ? [1]

(a) भविष्यतकाल

(b) वर्तमानकाल

(c) महाकाल

(d) भूतकाल

(viii) शुद्ध हिज्जेमा "बालक"- को स्त्रीलिंग शब्द कुन हो ? [1]

(a) बालिकी

(b) बालिनी

(c) बालीका

(d) बालिका

(ix) बाघको बच्चालाई के भनिन्छ ? [1]

(a) छाउरो

(b) छावा

(c) डमरू

(d) बाछो

(x) "सिखर"- को शुद्ध हिज्जे कुन हो ? **[1]**

(a) शिकर

(b) षिखर

(c) सिखर

(d) शिखर

## SECTION B

## LITERATURE - 40 MARKS

*Answer **four** questions from this section on **any three** out of the four prescribed textbooks.*

*पाठ्यक्रमभित्रका निर्धारित चार पुस्तकमध्ये कुनै **तीनवटा** पुस्तकबाट **चारवटा** प्रश्नहरूको उत्तर लेख्नुहोस्।*

# गद्य कुञ्ज (GADYA KUNJ)

**Question 4**

निम्न अवतरित गद्यांश पढ्नुहोस् अनि सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस् –

हवलदार बीरबहादुर सरकारको सिन्दूर परेको मानिस, उजीरमानमाथि उसको प्रचुर सहानुभूति हुँदाहुँदै पनि कर्तव्य चुकाउनुभएन। उसलाई त्यो रात गारदमै बन्द गरिराख्यो र भोलिपल्ट बिहानै शहरको थानामा चलान गरिदियो। यो खबर गाउँभरि डढ़ेलो सल्किएझैँ फैलियो। मानिसहरू थरी थरीका कुरा गर्थे, "विचरा सित्तैमा झ्याउलामा पर्यो, त्यो दिन बिग्रेपछि त्यस्तै हो।" कोही भन्थे, "होइन स्वास्नी राम्री छ भने त्यस्तै हो, दशजनाको आँखा पर्छ। भालु सिपाही पनि उजीरमान घर नबसेको दिन निकै धाउँथ्यो नि, ईख बोकेको थियो कि ? गाउँका बूढ़ा मण्डल बाजे उसलाई राम्ररी जान्दथे। हिजै मात्र हो, बेलुकीपख आएर "लौ आज त भालुले झण्डै बिगारेको भनेको थियो, विचरा भूलमा पर्यो। दशा लागेपछि बिनसित्ति अबड़ी आइलाग्छ।"

(i) कसलाई एक रात कहाँ बन्द गरिएपछि के गरियो ? **[1]**

(ii) कोमाथि प्रचुर सहानुभूति हुँदाहुँदै पनि कसले किन आफ्नो कर्तव्य चुकाउन सकेन ? **[2]**

(iii) प्रस्तुत अवतरणमा कुन खबर कहाँ कसरी सल्किएको कुरा गरिएको हो ? **[2]**

(iv) कुन घटनापछि गाउँका मानिसहरूले कसको विषयमा कस्तो कस्तो कुरा गर्नथाले ? **[5]**

**Question 5** **[10]**

“जयमाया ऐले सबभन्दा पहिला आँशु थाम्न नसकी सुविदार्नीको छेउमा भूइँमा हेर्दै उभिरहेकी थिई।” – प्रस्तुत अवतरण भएको कथामा जयमाया को हो ? उसले आँशु थाम्न नसक्नुको कारण के थियो? पठित कथाको आधारमा चर्चा गर्नुहोस्।

**Question 6** **[10]**

“स्वास्नीलाई माइत धपाइहालिस्, अब एक्लै मोज गर बस्।” उक्त गद्यांशमा कसले स्वास्नीलाई किन धपाएको हो, स्वास्नी नहुँदा उसले के समस्या भोग्नु परेर के निर्णय लिन कर लाग्यो सविस्तार वर्णन गर्नुहोस्।

## कविता कुञ्ज (KAVITA KUNJ)

**Question 7**

निम्न अवतरित पद्यांश पढ्नुहोस् अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस् –

बिरूवा गाड़िरहेछन् यिनीहरू
तर घच्याटिरहेछन् बिरूवा
पछि यिनीहरूलाई नै।
चुही आँसु बनिसकेको छ आहाल
अनि रोपिपहेछन् नुही नुही
जीवनको बाजी लगाएर।

(i) यहाँ यिनीहरू भन्नाले कसलाई बुझिन्छ ? यिनीहरूले के गाड़िरहेछन् ? **[1]**

(ii) यिनीहरूलाई विरूवाले कसरी पछि घच्याटिरहेछन् ? **[2]**

(iii) कविले कहाँ के को आहाल बनिसकेको कुरा गरेका छन् ? **[2]**

(iv) जीवनको बाजी लगाएर कसले कहिले के गरिरहेका छन् ? **[5]**

**Question 8** **[10]**

निम्तो शीर्षक कविताले हामीलाई कस्तो सन्देश दिएको छ विवेचना गर्दै यस कविताले देखाएको नैतिक शिक्षाबारे चर्चा गर्नुहोस्।

**Question 9** **[10]**

“टाढ़ा देख्रे ती आँखाले  देख्र सकेनन् वरिपरिका पृथ्वीका तारा।”- यस कवितामा कविले आकाशका तारा र पृथ्वीका ताराको उल्लेख गरेर वास्तवमा के भन्न चाहेका हुन्, खुलस्त गर्नुहोस्।

# जुनेली रेखा (JUNELI REKHA)

**Question 10**

तलका गद्यांश पढ्नुहोस् अनि सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस्

“हजुर घर खाली छ, कोही मान्छे छैन,चीजबीज पनि छैन, सब लगेछ, घर शून्य छ” छोटा बेहेराले रिपोर्ट दियो। रिपोर्ट सुनेर साहेबले टाउको हल्लायो। सञ्चमानको कानमा यो अति शुभ संवाद पर्दा उसको अनुहार उज्यालो भयो।

(i) यहाँ “हजुर” भनेर कसले कसलाई सम्बोधन गरेको हो ? **[1]**

(ii) उपर्युक्त अवतरणअनुसार कसले कसलाई कसको विषयमा रिपोर्ट दिएको हो? **[2]**

(iii) कस्तो रिपोर्ट सुनेर साहेबले टाउको हल्लायो ? **[2]**

(iv) सञ्चमानको मन किन डराइरहेको थियो ?  डराइरहेको उसको अनुहार कतिबेला उज्यालो भयो ? **[5]**

**Question 11** **[10]**

हट्टाबाहिर भन्नाले के बुझिन्छ ?  जुनेली रेखा उपन्यासमा कुन परिस्थितिमा कसलाई हट्टाबाहिर गरिएको छ ? यस प्रथाले श्रमिकको जीवनमा के कस्तो प्रभाव पारेको छ ? उपन्यासको आधारमा चर्चा गर्नुहोस्।

**Question 12** **[10]**

“कस्तो धर्मी बूढ़ा-बूढ़ी, देखिस् तेरो लागि सब इन्तजाम गरिदिए, अब ढुक्कसित चौकीदारको काम गर् बस्ने बास पनि पाइहालिस्। साह्रो गाह्रोमा म छँदैछु , डर मान्नुपर्दैन।”

उक्त कुरा कसले कसलाई भनिरहेछ ? धर्मी बूढ़ा बूढ़ीले कसलाई कस्तो इन्तजाम गरिदिए? यस अवतरणमा उल्लिखित काम पाउने व्यक्ति कहाँबाट किन आएको हो अनि विगत जीवन कस्तो थियो ? वर्णन गर्नुहोस्।

# अनि देउराली रून्छ (AANI DEURALI RUNCH)

**Question 13**

निम्न अवतरित गद्यांश पढ्नुहोस् अनि सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस्

रणधोज – तर त्यो सब कसैले देखेन बाबु, तर मुमाथि जुन विपद आइपरेको छ, त्यो तुइँले आफ्नै आँखाले देखिराखेकी छस्।

जुना – (कल्पी कल्पी रूँदै) बुबा, सीतामाईलाई जस्तो तपाईँ छोरीको अग्निपरिच्छे नगर्नुहोस्। किनकि अम्बरले सिउँदोमा लगाइदिएको रगत मेरो मुटुमा पसिसकेको छ, मेरो शरीरमा पसिसकेको छ।

रणधोज – (जुनाको अघि घुँड़ा टेक्दै) मुइले अझसम्म तुँलाई केही पनि मागेको थिइनँ छोरी। तर आज तुँलाई मु गुहारको भिख माग्दैछु। छिटो, छोरी छिटो, नत्र लगनको घड़ी टर्नेछ।

(i) प्रस्तुत अवतरणको पात्र रणधोज को हो ? **[1]**

(ii) यहाँ रणधोजले को सित किन कस्तो निवेदन गरिरहेछ ? **[2]**

(iii) रणधोजले जुनालाई के भन्दै कुन कुरामा बाध्य गरायो ? **[2]**

(iv) बाबुको कुरालाई टार्न जुनाले कुन कुरो व्यक्त गरी ? **[5]**

**Question 14** **[10]**

"त्यही आइनपुग्दा ता म पनि हिज बिहानैदेखि उसको बाटो हेरिराख्या छु। मा...थि डाँड़ाको घुम्तीमा कसैलाई आउँदै गर्या देख्दा पनि मुलाई ता उही आइरहे जस्तो लाग्छ। तर छेउमा आइपुग्दा चाहिँ उ अर्कै मान्छे हुन्छ। उ आउँदैछ कि भन्ठानेर माथि देवराली डाँड़ामा हिजोदेखि मु कतिपल्ट धाइसकेँ, तर अझसम्म उ आइपुगेन।"

उपर्युक्त अवतरणको वक्ता को हुन् ? कसले उनलाई के को भरोसा दिएका हुनाले उनले उसको बाटो हेरिरहेका थिए ? के वक्ताको प्रतीक्षा पूर्ण भयो ? सविस्तार वर्णन गर्नुहोस्।

**Question 15** **[10]**

शमशेर र मैयाँको वीचको प्रेममा चतुरमानको कस्तो खेलले अम्बरको जीवनको सुख छिनिदियो ? वर्णन गर्नुहोस्।